

# अध्याय ७

# भाषा छनोट र सिकाइ

आधारभूत संचार सीपहरू (अध्याय ४ मा दिइएको) सहज ढङ्गबाट प्रयोग गर्न जानी सकेपछि नानीहरू भाषा सिक्न तयार हुन्छन् । बहिरा वा राम्ररी सुन्न नसक्ने नानीले पहिले साङ्केतिक भाषा (अध्याय ८) वा वाणी भाषा (अध्याय ९) सिक्न सक्छन् । उनीहरूले जुन प्रकारका भाषा सिके पनि त्यसले उनको आवश्यकता पूरा हुनुपर्छ ।

कुनैपनि बच्चाले कुन भाषा पहिले सिक्ने भन्ने कुरा उसले कति सम्म सुन्न सक्छ, उसले कुन भाषा रुचाउँछ, उसका जन्मजात क्षमताहरू र उसको समुदायमा उपलब्ध स्रोतहरू जस्ता कुराहरूमा भर पर्छ । यो कुरा उसका आमाबाबुले उसको बहिरोपनप्रति कस्तो प्रतिक्रिया जनाउँछ भन्ने कुरामा पनि भर पर्छ । समुदायका अन्य बहिरा व्यक्तिहरूसँगको भेटघाटले आमाबाबुलाई आफ्नो नानीको बहिरोपन स्वीकार गर्न र उसलाई भाषा सिक्न सहयोग गर्ने उपाय पत्ता लगाउन मद्दत पुऱ्याउँछ ।

बहिराहरूका लागि थोरै स्रोतहरू उपलब्ध हुने ठाउँमा आमाबाबुले आफ्नो नानीले कुन भाषा सिक्न सक्छ भनेर छान्न नसकिने ठान्न सक्छन् । तर आफ्नो नानीका आवश्यकताहरू र क्षमतालाई प्राथमिकता दिइयो भने हरेक आमाबाबुले सबैभन्दा राम्रो निर्णय गर्न सक्नेछन् ।




**बच्चाका लागि सबैभन्दा उत्तम के हो छान्न सजिलो छैन, तर पनि प्रयत्न गर्न नै पर्छ ...**

## बेलैमा भाषा सिक्नु जरुरी हुन्छ

भाषा सिक्ने सबैभन्दा उत्तम समय जन्मेदेखि ७ वर्षभित्र हो । प्रायजसो बालकले २ वर्षदेखि ४ वर्षसम्ममा भाषा धेरै सिकी सक्छ । ७ वा ८ वर्ष पुग्दा पनि बालकले भाषा सिकेन भने त्यो भन्दा पछि सिक्न ज्यादै कठिन हुन्छ । बहिरो बालकले वाणी भाषा वा साङ्केतिक भाषा सिक्दैन भने उसको सोच्ने सीप विकास गर्न पनि ज्यादै कठिन हुन्छ । त्यसैकारण भाषा सिक्नु अत्यन्त जरुरी हुन्छ ।

### बालबालिकाले कसरी भाषा सिक्छन् ?

भाषाले व्यक्ति-व्यक्तिबीच एक आपसमा संचार गर्न आवाज, लिपि वा चिह्नहरू जस्ता संकेतहरूको प्रयोग गर्छ । लेखाइ, पढाइ, र संकेत गराइ भाषा प्रयोग गर्ने उपायहरू हुन् ।

नानीले सबैभन्दा पहिलो चरणको सिक्ने भाषा भनेको उसले हरेक दिन देख्ने गरेका मानिस र वस्तुहरूको नाम भन्न सक्ने हुनु हो । जस्तै 'आमा', 'बाबा', 'बुनु', 'म्याउम्याउ', 'हाउहाउ' आदि । तर धेरैजसो उसले सिक्ने 'बुबु', 'माथि', 'नाइ' जस्ता केही शब्दहरू हुन्छन् ।




**बालकले शब्दमा केही घटना घटाउन सक्ने शक्ति हुन्छ भनेर सिक्छ । एउटा बालकले संचार गरेर आफूले चाहेको कुरा पाउनु राम्रो कुरा हो ।**




बालबालिकाहरूले पहिले एकल शब्द सिक्छन् । त्यसपछि अरु शब्दहरू जोडेर प्रयोग गर्ने नियम सिक्छन् । अन्य व्यक्तिहरूसँग भाषाको प्रयोग गर्ने समयक्रममा नै उनीहरूले भाषाका नियमहरू सिक्छन् ।

बालबालिकाहरूले सुनेर तथा आफू वरिपरिको भाषा देखेर र आफूले सुनेको तथा देखेको कुरा अभ्यास गरेर भाषा सिक्छन् । बालबालिकाहरूले धेरै शब्दहरू सिकेर तिनलाई भाषाका नियमहरूअनुसार प्रयोग गरी आफ्नो मानसिक क्षमताको विकास गर्छन् । उनीहरूले गल्ती पनि गर्न सक्छन् तर पछि सफलतापूर्वक संचार गर्छन् ।




**बालबालिकाहरूले अरू व्यक्तिहरूसँग अभ्यास गरेर भाषा सिक्छन् ।**

## भाषा र सोचाइ-शक्ति सँगसँगै विकास हुन्छन्

भाषाले हामीलाई अरू व्यक्तिहरूसँग संचार गर्ने अवसर दिन्छ। यसले हामीलाई आफैँसँग संचार गर्न अवसर पनि दिन्छ। कलिलो उमेरमै सिकेको भाषाले बालकलाई सोचाइ-शक्ति दिन्छ र उसलाई आफैँसँग कुराकानी गर्ने भाषा पनि। त्यसैले हामी कसरी सोच्छौं भन्ने कुरा हामीले कतिसम्म भाषा जानेका छौं र प्रयोग गर्न सक्छौँ भन्ने कुरामा निर्भर हुन्छ।







जति बोल्न वा सङ्केत गर्न सके बालबालिकाहरूले त्यति नै बढी भाषा सिक्न सक्छन्। यसरी नै जति बोल्न वा सङ्केत गर्न सके त्यति नै बढी आफ्नो संसारलाई बुझ्न, आफूलाई व्यक्त गर्न, सोच्न, आशा गर्न, योजना बनाउन र आफू वरिपरिका व्यक्तिहरूसँग संचार गर्न सक्छन्।

**बालबालिकाहरूको सोचाइ-शक्ति विकास हुनसक्ने अवस्थाहरू**

बालबालिकाहरूको सोचाइ-शक्ति निम्न अवस्थामा विकास हुने गर्छ :

- अन्य व्यक्तिहरूले भाषा र सङ्केतको प्रयोग गरेर सूचना आदानप्रदान गरेको देख्न वा सुन्न पाएमा ।
- भाषाको प्रयोग गरी आफूले देखेका, सुनेका र छोएका कुराहरूको व्याख्या गर्न सकेमा ।
- आफूले अनुभव गरेका कुरा भाषाको प्रयोग गरी व्यक्त गर्न सकेमा ।
- भाषाको सहयोगले दुई कुराहरू बीच सम्बन्ध कायम गर्न सकेमा ।




**व्यक्तिहरूले भाषा प्रयोग गरेर आफ्ना सोचाइ र विचारहरू व्यक्त गरेको सुनेर नै मायाले आफ्नो सोचाइ-शक्तिको विकास गर्छिन् ।**




**बालबालिकाको सोचाइ-शक्ति पाइला-पाइला गर्दै विकास हुन्छ**




कुनै पनि सानी नानीले खेल्ने क्रममा सामान्य सोचाइ सिक्छ । उदाहरणका लागि उनले 'सानो' र 'ठूलो' भन्ने शब्दहरू सिक्छिन् । त्यसपछि उनले ती शब्दहरू 'सानो' बल र 'ठूलो' बल हुन्छन् भन्ने कुरा बुझ्न प्रयोग गर्छिन् ।




जब कुनै नानीले 'सानो' र 'ठूलो' बीच तुलना गर्न जान्दछ, तब उसले अरू साना र ठूला वस्तुहरूबारे सोच्न शुरु गर्न थाल्छ । यसपछि उसले आकारको बारेमा सिक्छ ।

## आधारभूत सोचाइ सीपहरू र भाषा

जब बालबालिकाहरूले भाषा सिक्छन्, उनीहरूले आफ्ना विचारहरू सङ्गठित गर्छन् र विभिन्न बिचारहरूबीच सम्बन्ध थाहा पाउछन् ।

- कसरी वस्तु, मानिस र घटनाले अर्को घटना घटाउन सक्छन् ।




- समस्याहरू कसरी समाधान गर्ने




- कसरी एकपछि अर्को गर्दै कामहरू गर्ने




- कसरी गन्ने




- कसरी वस्तुहरूको वर्ग या जात पहिचान गर्ने अर्थात् कुनै शब्दले एउटामात्र वस्तुको अर्थ दिन्छ भने कुनै एक शव्दले धेरै वस्तुहरूको अर्थ जनाउँछ भनेर सिक्न ।




- कुनै व्यक्तिले कस्तो अनुभव गरिरहेको छ र किन त्यस्तो अनुभव गरेको होला भनी कसरी बताउने




यो जान्न जरुरी छ कि भाषा सिकाइ बहिरा या राम्ररी सुन्न नसक्ने नानीको जीवनको अङ्ग बन्दछ । आमाबाबु, सामुदायिक कार्यकर्ता र शिक्षकहरूले नानीहरूलाई उनीहरूका कुरा व्यक्त गर्न, अरूसँग संचार गर्न र उनीहरूको मानसिक क्षमता विकास गर्न भाषाको प्रयोग गर्न प्रोत्साहित गर्नुपर्छ ।

## साङ्केतिक भाषा र वाणी भाषा

बहिरो वा राम्ररी सुन्न नसक्ने नानीले सिक्न सक्ने भाषा २ प्रकारका छन्:

- **साङ्केतिक भाषा**, आफू बसोबास गर्ने क्षेत्र वा देशमा बहिरा समुदायहरू बीच हातहरू प्रयोग गरी संचार गर्न गरिने सङ्केतहरू ।
- **वाणी भाषा**, आफू बसोबास गर्ने क्षेत्र वा देशमा आवाज र ओठहरूको प्रयोग प्रयोग गरी संचार गर्न वाणी भाषा ।

अलिअलि सुन्नसक्ने बालबालिकाहरूले बोल्न र ओठहरूको चाल पढ्न सक्नेछन् । अन्य बालबालिकाहरूले हातद्वारा सङ्केतहरू बनाएर संचार गर्न सक्नेछन् । यसकारण नानीलाई एउटा भाषा सिकाएर ऊ हुर्कँदै जाँदा संचारका अन्य उपायहरू सिकाउनु पर्छ ।

**उदाहरणका लागि :**




धेरै व्यक्तिहरू कलिलो नानीसँग विशेषगरी नानीले आवाज सुन्छ वा सुन्दैन भन्ने यकिन नहुँदा हाउभाउ र सङ्केतले नै संचार सुरु गर्न थाल्छन् । त्यसपछि, नानी ठूलो हुँदै जाने क्रममा केही सङ्केतहरू बुझ्न सक्ने भएपछि उनीहरूले उसलाई ओंठको चाल पढ्न र बोल्न सिकाउनु पर्छ ।




केही व्यक्तिहरू आफ्नो नानीले कुनै कुनै आवाजहरू मात्र सुन्न सक्छ भनेर थाहा पाएपछि वा बोल्न सिकिसकेपछि बहिरो भएमा बोल्न र ओठको चाल पढ्न सिकाउन सुरु गर्न थाल्छन् । निश्चित समयपछि पनि नानीले वाणी भाषा सिकेन भने उसका लागि साङ्केतिक भाषा नै उपयुक्त हुन सक्छ ।

नानीले प्रयोग गर्ने भाषा सिकाउन निम्न कुराहरूमा भर पर्न सक्छ

- उसले कति बढी वा कम सुन्न सक्छ ।
- उसले कुन भाषा रूचाउँछ ।
- उसको बहिरोपनप्रति तपाईंले कस्तो प्रतिक्रिया छ ।
- उसले कहिलेदेखि सुन्नमा कठिनाइ अनुभव गऱ्यो ।
- परिवार तथा समुदायमा उपलब्ध स्रोतहरू ।

## साङ्केतिक भाषाको प्रयोग




बहिरा व्यक्तिहरूले समुदायमा साङ्केतिक भाषाको प्रयोग गर्ने गरेका छन् । यस भाषाबाट हातले बनाएका आकारहरू, शरीरको चाल, मुखाकृति (मुखको हाउभाउ) प्रयोग गरेर अनुभवहरू, बिचारहरू, आवश्यकताहरू र भावनाहरू संचार गर्न सकिन्छ । कुनै पनि साङ्केतिक भाषामा आम प्रचलित हाउभाउका साथै समयक्रममा जनताद्वारा विकसित गरिएका हजारौं चिह्न तथा सङ्केतहरू समावेश भएका हुन्छन् ।

साङ्केतिक भाषा वास्तवमा एउटा भाषा नै हो । यसको पनि वाणी भाषा जस्तै आफ्नै व्याकरण तथा बनावट हुन्छ । व्यक्तिहरूले जटिल प्रश्नहरू गर्न, वरपरका वस्तु तथा चिजहरूबारे बयान गर्न र सम्बन्ध, विचारहरू तथा विश्वासहरूबारे छलफल गर्नका लागि साङ्केतिक भाषा प्रयोग गर्न सक्छन् । यसैगरी यस भाषाबाट व्यक्तिहरूले कुनै चिजले एकअर्कालाई कसरी प्रभाव पार्छ, वा विगत वा भविष्यमा कसरी प्रतिनिधित्व गर्छ भन्ने बयान गर्न सक्छ । जसरी सुन्ने व्यक्तिले बोलेर संचार गर्न सक्छ, त्यसरी नै बहिरा व्यक्तिहरूले साङ्केतिक भाषा प्रयोग गरेर सबै कुराहरू संचार गर्न सक्छन् ।

साङ्केतिक भाषा हेरेर गरिने भएकाले सुन्नु पर्दैन । यसमा हातको स्थान, आकार र चाल निश्चित हुनुपर्छ । त्यसमा अलिकति पनि फरक पर्‍यो भने सङ्केतको अर्थ नै फरक पर्न जान्छ ।

विश्वका सबै मुलुकहरुमा जस्तै नेपालमा पनि साङ्केतिक भाषाको पूर्णरुपमा विकास गर्ने काम भएको छ ।




साङ्केतिक भाषा बोलीचालीको भाषा नभएपनि क्षेत्र-क्षेत्र वा मुलुक-मुलुकबीच फरक फरक रुपमा भएका छन् ।

यहाँ ३ मुलुकहरुमा आमा भन्नका लागि प्रयोग गरिने सङ्केतहरू दिइएका छन् ।




यद्यपि यी फरक फरक छन् तर हरेक सङ्केतहरू बहिराका लागि स्वाभाविक तरिकाले समुदायमा संचार गर्न पुरा अर्थ लाग्ने खालका छन् ।

## साङ्केतिक भाषाको प्रयोगबाट हुने फाइदाहरू



- कलिला बालबालिकाहरूले साङ्केतिक भाषाको प्रयोग गर्ने वातावरण पाए भने सजिलै त्यो भाषा सिक्न सक्छन् । अभ्यासद्वारा ठूला बालबालिकाहरू र किशोर/किशोरीले धेरै समस्या बिना नै उक्त भाषा सिक्न र प्रयोग गर्न सक्छन् ।
- जसरी सुन्न सक्ने बालकले वाणी भाषाबाट संचार गर्न सक्छ, त्यसरी नै एउटा बहिरो नानीले साङ्केतिक भाषाले उही साङ्केतिक भाषा जान्ने व्यक्तिसँग पूर्णरूपमा संचार गर्न सक्छ । उ अरू बहिरा व्यक्तिहरूसँग चिनजान गर्न सक्ने हुन्छ र बहिरा व्यक्तिहरू पनि समुदायको महत्वपूर्ण अङ्ग हुन् भनेर थाहा पाउँछ ।
- साङ्केतिक भाषा जानेको नानीलाई आफ्नो समदायको भाषा पढ्न र लेख्न सिक्न सजिलो हुन सक्छ । एउटा मानिसले जति बढी एउटा भाषा जान्दछ उसलाई अर्को भाषा सिक्न त्यति नै बढी सजिलो हुन्छ ।
- विभिन्न साङ्केतिक भाषाहरू संसारभरिकै मानिसहरूले सजिलै बुझ्न सक्ने हुन्छन्, वाणी भाषा यस्तो हुँदैन । सुन्न सक्ने चिनियाँ र निकारागुवालीले एकआपसमा संचार गर्न त्यति सजिलो हुँदैन तर, ती मुलुकहरूका साङ्केतिक भाषा प्रयोग गर्ने व्यक्तिहरूले धेरै सजिलो गरी संचार गर्न सक्छन् ।

## साङ्केतिक भाषा प्रयोग गर्दा हुने कठिनाइहरू

- साङ्केतिक भाषा प्रयोग गर्ने एउटा नानीले साङ्केतिक भाषा नजान्ने मानिसहरूसँग संचार गर्न सक्दैन । आफ्नो नानीसँग संचार गर्न सक्षम बन्न परिवारका सदस्यहरू, साथीहरू र समुदायको अरू व्यक्तिहरूले पनि साङ्केतिक भाषा सिक्नुपर्छ ।
- नानीहरूले साङ्केतिक भाषा सजिलै सिक्न सक्छन् तर वयस्कहरूले पूर्ण साङ्केतिक भाषा सिक्न धेरै अध्ययन गर्नुपर्छ ।
- समुदायमा साङ्केतिक भाषा जान्ने कोही पनि छैनन् भने बहिरा नानीको परिवारलाई साङ्केतिक भाषा सिकाउने शिक्षक वा उसँग साङ्केतिक भाषामा संचार गर्ने व्यक्ति भेट्टाउन कठिन हुन सक्छ ।



## वाणी भाषाको प्रयोग

सुन्न सक्ने व्यक्तिहरूले बोलेर र अरू व्यक्तिहरूले स्थानीय भाषामा बोलेको सुनेर संचार गर्न सक्छन् । परिवारले आफ्नो बहिरो नानीले आफूले भनेको बुझेको र वाणी भाषामा (मौखिक) आफूहरूसँग कुराकानी गरेको चाहना राख्नु स्वाभाविक हो ।

वाणी भाषा सिक्नका लागि राम्ररी सुन्न नसक्ने नानीले गर्नुपर्ने कुराहरू:

- आफ्नो बाँकी रहेको सुन्ने क्षमताको भरमा बोलिने शब्दहरू बुझ्नका लागि राम्ररी सुन्ने । यस कामका लागि श्रवण सहयोगी यन्त्र उपयोगी हुन सक्छ ।
- कुनै व्यक्ति बोलिरहँदा उसका ओठको चाल हेर्ने र उसले कुन शब्द बोलिरहेको छ अनुमान लगाउने (ओठको चाल पढ्ने) ।
- आफूले बोलेको अरूले राम्ररी बुझुन् भनेर शब्दहरू बोल्न अभ्यास गर्ने ।

याद राख्नुहोस् ! आफ्नो नानीसँग वाणी भाषा प्रयोग गरिरहनुभएको छ भने तपाईं र तपाईंको परिवारले नानीसँग सकेसम्म बढी कुराकानी गर्नुपर्छ ।




धैर्य बन्नुहोस् । राम्ररी सुन्न नसक्ने बालबालिकाहरूले अरुलेभन्दा भाषा ढिलो सिक्ने गर्छन् । नानीहरूलाई आवश्यक परेका कुरा उनीहरूलाई भन्न कर पर्ने गरी उनीहरूलाई नै शब्दहरू प्रयोग गर्न या बोल्न लगाउनु आवश्यक हुन्छ ।

यस्ता नानीहरूले भिन्दै ढङ्गले बोल्न सक्छन् । धेरैजसो बहिरा बालबालिकाहरू सुन्नेहरूले भन्दा भिन्न ढङ्गबाट बोल्छन् । शुरु शुरुमा यस्ता नानीहरूले बोलेको सुन्दा असहज मान्नु स्वाभाविक हो । तर, बिस्तारै बानी परिसकेपछि अरू व्यक्तिहरूलाई पनि सम्झाउन वा बुझाउन सकिन्छ ।



**यो नानीको कमिजमा दुईतिर गोजी छ, त्यसमा उनले श्रवण सहयोगी यन्त्रको बेट्री राख्ने बट्टा राखेका छन् ।**

विभिन्न समुदायहरूमा 'बहिरा बालबालिकाहरूले कसरी संचार सिक्नुपर्छ' भन्नेबारे भिन्दाभिन्दै सोचहरू हुन सक्छन् । भारतको एउटा शिशु विद्यालयले राम्ररी सुन्न नसक्ने कलिला बालबालिकाहरूलाई बोल्न, पढ्न, लेख्न र सुन्न सिकाउने गरेको छ । त्यसको अनुभव उपयोगी हुन सक्छ ।

सबभन्दा पहिला त्यहाँ बहिरा बालबालिकाहरू ५ वर्षका हुँदा नियमित विद्यालय जान सक्ने बनाउन कोसिस गरिन्छ । आफू बहिरो भएकोमा बालबालिकाहरूले लज्जित अनुभव नगरुन् भन्ने विद्यालयले प्रयाश गरेको छ । यसका लागि उनीहरूले श्रवण सहयोगी यन्त्र छोप्ने खालको गोजी भएको कमिजको व्यवस्था गरिएको छ (पृष्ठ २१९ हेर्नुहोस्) । आवाजलाई ठूलो पार्ने श्रवण सहयोगी यन्त्रमात्रै फरक रहेको देखेपनि अरु बालबालिकाहरूले आफूजस्तै भएको स्वीकार स्वीकार गर्न सक्ने अवस्था छ ।

## वाणी भाषा प्रयोग गर्दाका फाइदाहरू

- समुदायका अरू मानिसहरू जसरी नै संचार गर्ने नानीले आफूलाई बुझ्ने धेरै मानिसहरू भेट्टाउछन् ।
- वाणी भाषा प्रयोग गर्ने नानीका लागि साङ्केतिक भाषाको प्रयोग नगर्ने कुनै पनि विद्यालयमा पढ्न सजिलो हुन्छ ।
- वाणी भाषा प्रयोग गर्ने नानीलाई पढ्न सजिलो हुन सक्छ किनभने उसले बोल्ने भाषा र लेखिएको भाषा उस्तै हुन्छ ।




## वाणी भाषा प्रयोग गर्दा हुने कठिनाइहरू

- बोलेर गरिने संचार प्रायश: केही मात्रामा सुन्न सक्ने (विभिन्न शब्दहरू बीचको भिन्नता सुन्न सक्ने) वा बोल्न सिकी सकेपछि बहिरो भएको नानीका लागि उपयुक्त हुन्छ ।
- नानीलाई ओठको चाल पढ्न अप्ठ्यारो हुन सक्छ किनभने धेरै शब्दहरूको ओठको चाल एउटै देखिन्छ वा ओठमा देख्न सकिंदैन । उदाहरणका लागि 'काम', 'राम' वा 'दाम' बोल्दा ओठको चाल सबै उस्तै देखिन्छन् । यो कुरा तपाईं आफैले पनि ऐनामा हेर्न सक्नुहुन्छ ।


**यस प्रकारले 'काम', 'राम' वा 'दाम' उस्तै देखिन्छन् ।**

- सुन्न कठिनाइ हुने नानीलाई वाणी आवाजहरू बोल्न धेरै कठिन हुन्छ किनभने उसले आफूले बोलेको सुन्न सक्दैन । उसको बोलाइ उसको परिवार बाहेक अरू कसैले नबुझ्न सक्छन् ।
- कलिला नानीहरू बोल्न सिकाइने कक्षामा धीर भएर लामो समयसम्म नबस्न सक्छन् ।
- बोल्न र अरू व्यक्तिहरूले भनेका कुरा बुझ्न सिक्नमा धेरै समय बित्ने हुनाले नानीले संसारबारे बुझ्ने अवसर गुमाउन सक्छ ।

## सोच्नुपर्ने कुराहरू

प्रत्येक परिवार र प्रत्येक नानीका भिन्दा भिन्दै आवश्यकता र क्षमता हुने हुनाले सबैका लागि उपयुक्त हुने एउटै विधि सम्भव छैन। महत्वपूर्ण कुरा आफूसँग भएको स्रोतका आधारमा राम्रो काम गर्नु हो। अघिल्ला पृष्ठहरूमा आफ्नो नानीबाट राम्रो प्रतिफल प्राप्त गर्न सहयोग गर्ने केही जानकारीहरू दिइएका छन् र प्रश्नहरू सोधिएका छन्।

### साङ्केतिक भाषा

**सफल हुन सक्छ यदिः**

- परिवार साङ्केतिक भाषा सिक्न र प्रयोग गर्न इच्छुक र सक्षम छ।
- नानी र परिवारलाई साङ्केतिक भाषा सिकाउने पुस्तकहरू र व्यक्तिहरू उपलब्ध छन्।
- गाँउ या नजिकै साङ्केतिक भाषा सिकाउने विद्यालय छ।



**बढी सफल हुन सक्छ यदि**

- परिवार धैर्यवान छ र सबैजना साङ्केतिक भाषा सिक्न र प्रयोग गर्न मेहेनत गर्छन्।
- गाँउमा नानी र परिवारलाई स्थानीय साङ्केतिक भाषा पूरै सिकाउन सक्ने व्यक्तिहरू छन्।

### वाणी भाषा

**सफल हुन सक्छ यदिः**

- नानीले केही वाणी आवाजहरू सुन्न सक्छ (नानीले के सुन्न सक्छ भनेर पत्ता लगाउन अध्याय ४ हेर्नुहोस्)।
- आफ्नो सुन्ने शक्ति गुमाउनु अगाडि नानीले बोल्न र शब्दहरू बुझ्न सिकेको थियो।
- नानीले ओठका चाल राम्ररी पढ्न सक्छ (केही बालबालिकाहरू अरू भन्दा यस कुरामा अगाडि हुन्छन्)।



**बढी सफल हुन सक्छ यदिः**

- नानीले श्रवण सहयोगी यन्त्र लगाएको छ र बढी समय त्यसको प्रयोग गर्छ।
- शिशु विद्यालयमा नानीले विशेषज्ञहरूको सहयोग लिन सक्ने क्लिनिक वा बहिरा बालबालिकाहरू सम्बन्धी कार्यक्रमहरू संचालन छन्।

## नानीले धेरै व्यक्तिहरूसँग संचार गर्न सक्ने अवस्था कस्तो छ ?

राम्ररी सुन्न नसक्ने नानीले जतिसक्दो धेरै व्यक्तिहरूसँग संचार गर्नु जरुरी छ। घरेलु सङ्केत प्रयोग गर्ने नानीले आफ्नो घरपरिवारका व्यक्तिहरूसँगमात्र संचार गर्न सक्छ। पूर्ण साङ्केतिक वा वाणी भाषा प्रयोग गर्ने नानीले अरुहरू व्यक्तिहरूसँग पनि संचार गर्न सक्छ। स्थानीय वाणी भाषा पढ्न र लेख्न पनि जान्ने नानीले ज्यादै धेरै व्यक्तिहरूसँग संचार गर्न सक्छ।



साङ्केतिक भाषा प्रयोग गर्ने नानीसँग सबैजनाले सङ्केत गर्नसक्ने अवस्था हुनु ज्यादै राम्रो हुन्छ।

वाणी भाषा वा साङ्केतिक जुनै भाषा प्रयोग गरेता पनि परिवारका सबैले उही भाषा नै प्रयोग गर्नु जरुरी छ। यसो भएमा उसले परिवारका सबैसँग राम्ररी संचार गर्न सक्नेछ। उसले आफू समावेशी भएको पनि अनुभव गर्नेछ र आफूले संचार प्रक्रियाबाट विश्वबारे सिक्न सक्नेछ।

सुनाइसम्बन्धी समस्याहरू नभएकाले पनि उनीहरूले चाहे भने साङ्केतिक भाषा सिक्न सक्छन्। यस पुस्तकको १५० पृष्ठमा ब्राजिलको एउटा गाँउका बासिन्दाले कसरी बहिरासँग संचार गर्न सिके भन्ने कथा दिइएको छ।

## नानीको पहिलो भाषा अभिभावकको भाषा होइन भने ?

एउटै भाषाको प्रयोगले संचारलाई सजिलो बनाउँछ। तर प्रायश: बहिरा बालबालिकाहरूले आफ्नो मस्तिष्क विकास गर्न र संसारबारे बुझ्न प्रयोग गर्ने साङ्केतिक भाषा उनीहरूका परिवारहरूले प्रयोग गर्ने भाषा भन्दा भिन्दै हुन सक्छ। भिन्दा भिन्दै भाषा प्रयोग गर्ने धेरै आमाबाबुहरू र तिनका नानीहरूले एक अर्कासँग संचार गर्न कठिनाइ अनुभव गर्छन्। यस्तो कठिनाईको कारण उनीहरूलाई एक अर्कासँग नजिक हुन असजिलो हुन्छ। उनीहरू एक अर्कालाई बुझ्न असजिलो हुँदा निरास बन्न सक्छन्। बहिरा बालबालिकाहरूले आफ्नै घर परिवारमा एक्लिएको अनुभव गर्न सक्छन्।

साङ्केतिक भाषा नानीको निम्ति धेरै सहज हुन्छ तर परिवारका लागि कम सहज हुन सक्छ। या अर्कै तरिकाले संचार गर्न नानीको ध्यान आकर्षण गर्छ। यसकारण बहिरा बालबालिकाहरूका आमाबाबुहरूले बहिरा नानीहरूका लागि उपयुक्त हुने भाषा सिकाउन समुदायको सहयोग लिनु पर्छ।



## नानीलाई सुन्नमा कहिले देखि कठिनाइ भयो ?

नानी बोल्न सिकिसकेपछि बहिरो भएको हो भने उसँग बोल्ने व्यक्तिहरूका ओठको चाल पढेर आफ्नो बोलाइमा सुधार गर्न सक्छ । उसले आफ्नो सुन्ने शक्ति गुमाइसकेपछि पनि भाषा विकासलाई निरन्तरता दिन सक्छ । तर नानी बहिरो जन्मिएको छ वा उसले वाणी आवाजहरू सुन्न सक्दैन भने उसलाई ओठको चाल पढ्न वा बोल्न सिक्न ज्यादै कठिन वा असम्भव हुन्छ ।

**आफ्नो सुन्ने शक्ति गुमाउनु अगाडि नै बोल्न सिकिसकेका बालबालिकाहरूले जन्मजात बहिरा बालबालिकाहरू भन्दा राम्ररी बोल्न सक्छन् ।**




## नानीले कतिसम्म सुन्न सक्छ ?

नानीले जति बढी वाणी आवाजहरू सुन्न सक्छ उसले शब्दहरू वा शब्दका अक्षरहरू बुझ्न, ओठको चाल पढ्न र बोल्नका लागि पनि त्यति नै बढी आफ्नो सुन्न सक्ने क्षमताको प्रयोग गर्न सक्छ । यस्ता सीपहरू वाणी आवाजहरू सुन्न नसक्ने बालबालिकाहरूलाई सिक्न कठिनाइ हुन सक्छ वा कहिले पनि नसिक्न सक्छन् ।

**यी नानीले वाणी आवाजहरू सुन्न सक्छिन् । उनले ओठको चाल पढ्न र बोल्न सिक्न सक्छिन् ।**

**यो नानीले कुनै पनि आवाज सुन्न सक्दैन । उसलाई ओठको चाल पढ्न वा बोल्न सिक्न ज्यादै कठिन वा असम्भव हुन्छ ।**






### के नानीलाई श्रवण सहयोगी यन्त्र लगाईदिने सोच्नु भएको छ ?

श्रवण सहयोगी यन्त्रले नानीलाई शब्दहरू बुझ्न सहयोग गर्न सक्छ। तर यसले सबै बालबालिकाहरूलाई सहयोग पुऱ्याउँदैन। यसकारण नानीलाई श्रवण सहयोगी यन्त्र लगाइदिने विचार गर्नु भएका आमाबाबुले स्वास्थ्यकर्मीको सल्लाह लिनु राम्रो हुन्छ। नानीलाई श्रवण सहयोगी यन्त्र लगाइदिने सल्लाह भएमा पनि यस यन्त्र लगाइरहेका बालबालिकाहरूका आमाबाबुहरूबाट पनि सल्लाह लिनु राम्रो हुन्छ। प्रत्येक नानीको सुनाइ फरक-फरक हुन्छ भन्ने कुरा याद राख्नुहोस्। श्रवण सहयोगी यन्त्र किन्ने निधो गर्नु अघि पृष्ठ २१७ देखि २२४ सम्म पढ्नुहोस्, यसमा भएका कुराहरूले निर्णय लिन सघाउ गर्नेछ।

श्रवण सहयोगी यन्त्र बिक्रेताहरूले पनि यसका बारे केही जानकारी दिन सक्छन्। तर प्रायश: परामर्श लिन उनीहरू नै सबैभन्दा उपयुक्त व्यक्ति चाँही होइनन्। उनीहरूले नानीलाई कुन कुरा उत्तम हो भनी बुझाउनुभन्दा आफ्नो उत्पादन बेच्नपट्टी बढी केन्द्रित हुन सक्छन्। श्रवण सहयोगी यन्त्र किन्ने निर्णय गर्न अगाडि २-४ दिन वा हप्ता १० दिनसम्म श्रवण सहयोगी यन्त्र प्रयोग गर्न सके राम्रो हुन्छ। यसका लागि क्लिनिक वा श्रवण सहयोगी यन्त्र बेच्ने पसलेसँग कुराकानी गर्नुहोस्।




**श्रवण सहयोगी यन्त्रले तपाईंको नानीलाई सहयोग पुऱ्याउँन सक्छ। र, सहयोग नपुऱ्याउन पनि सक्छ। त्यसैले कसैको दवावमा परेर वा नकिने बेइज्जति हुन्छ भनेर किन्ने काम नगर्नुहोस्।**

### नानीले सिकिरहेको छ भनेर कसरी थाहा पाउने ?

नानीले भाषा सिकिरहेको छ भनेर थाहा पाउन केही समय लाग्नेछ। केही महिनासम्म एउटा भाषामा काम गरिसकेपछि नानीले कस्तो गरिरहेकोछ भनेर मूल्याङ्कन गर्नुहोस्। त्यसका लागि आफैले आफुलाई निम्न प्रश्नहरू सोध्नुहोस् :

- के नानीले पहिले भन्दा बढी बुझ्न थालेको छ ?
- के नानीले पहिले भन्दा बढी बोलाइ (वाणी) र सङ्केत प्रयोग गर्न थालेको छ ?
- के उ संचार गर्न सिक्न इच्छुक देखिन्छ ? वा उनी दिन प्रति दिन निरास बन्दैछ ?
- के नानीलाई आफूले नजानेको वा आफूले बुझ्ने गरी वा व्यक्त गर्ने गरी भाषा नजानेको कारणले निरासा उत्पन्न भएको छ र यसको कारण व्यवहारगत समस्याहरू भएको छ ?
- के म उनीसँग संचार गर्न रमाउँछु ? वा सधैं हतोत्साहित मात्र हुन्छु ?
- के नानीले पहिले भन्दा बढी अरू मानिसहरूसँग राम्ररी संचार गर्छ ?
- के नानीले उनका दाजुभाइ दिदीबहिनीले बुझ्ने सूचनाहरू आफू पनि बुझ्न सक्छ।

प्रायश: आमाबाबुहरूलाई आफ्नो नानीसँग संचार गर्न एउटै भाषा प्रयोग गर्न र नानीले जति नै थोरै कुरा सिकिरहेको भएता पनि अभ्यास गरिरहनु भनेर बताइन्छ । कैयन स्वास्थ्य कार्यकर्ताले यसै गर्न प्रोत्साहित गर्छन् किनभने उनीहरू यो नै एउटा विधि ठीक हो र अरू सबै बेठीक हुन् भन्ने ठान्दछन् । तर कुनै पनि विधि सर्वोकृष्ट हुँदैन ।




यदि नानीले सिक्न सकिरहेको छैन र निरास छ भने अर्को उपाय अपनाउनुहोस् । प्रत्येक परिवारले आफ्नो अवस्था र नानीको सुन्नसक्ने क्षमताका आधारमा आफैं निर्णय लिनुपर्ने हुन्छ ।

## नानीका लागि सबैभन्दा राम्रो के हुन्छ भनेर कसलाई थाहा हुन्छ ?

धेरै व्यक्तिहरूले बहिरा बालबालिकाहरूसँग कुन भाषा प्रयोग गर्ने भन्ने विषयमा निश्चित विचार राखेका हुन्छन् । धेरै वर्षसम्म धेरै मुलुकमा बहिरा बालबालिकाहरूसँग संचारका लागि वाणी भाषाको (मौखिक संचार) प्रयोग एउटा नियम जस्तै थियो । कहिलेकहीं स्वास्थ्य वा शिक्षाकर्मीहरूले सबै बहिरा बालबालिकाहरूले बोल्न सिक्न सक्छन् भनेर बताउन सक्छन् । तिनीहरूले त्यसको प्रमाणका लागि राम्ररी बोल्न सक्ने नानी नै पेस गरेता पनि यो कुरा सत्य होइन ।

कहिलेकहीं विशेषज्ञहरूले धेरै वर्ष अगाडि आफैलाई यस्तो सिकाइएको थियो उस्तो सिकाइएको थियो भनेर बताउने गर्छन् । उनीहरूले आफ्नो नानीसँग वाणी भाषा प्रयोग गर्नु अन्यथा तपाईं आफ्नो नानीप्रति अजिम्मेवार भएको भनेर भन्न सक्छन् । यस्तो कुरा गलत हो । आफ्नो नानी र परिवारको अवस्थाबारे आमाबाबु नै उनीहरू भन्दा बढी जान्न सक्छन् ।



## नानीले सजिलै सिक्ने भाषा सिकाउने होस्

नानीले आफुलाई व्यक्त गर्न र अरूले भनेको बुझ्न सक्नुपर्छ। एउटा नानीले 'आमा' वा 'बाबा' भन्न मात्र होइन, धेरै कुरा जान्नुपर्छ। उसको सुन्ने, भनेको बुझ्ने र सकेसम्म बढी सहजताका साथ पूर्णरूपले अरूसँग संचार गर्ने क्षमता विकास हुनुपर्छ र गर्नुपर्छ।




आमाबाबु र सेवाप्रदायकहरूले नानीले ग्रहण गर्न सक्ने तरिकाबाट उसलाई भाषा सिक्न सहयोग गर्न सक्छन्। यदि नानीका लागि साङ्केतिक भाषा काम लाग्दैन जस्तो लाग्छ भने उसलाई वाणी भाषा प्रयोग गर्न सक्ने बनाउन सहयोग गर्न कोशिश गर्नुहोस्। वा यदि उसले वाणी भाषा बुझेको देखिदैन भने साङ्केतिक भाषाको प्रयोग गर्न सक्ने बनाउन सहयोग गर्न कोशिश गर्नुहोस्। नानीले एउटा भाषा राम्ररी प्रयोग गर्न जान्यो भने उसलाई अर्को भाषा सिक्न सजिलो हुन्छ।

वाणी भाषा वा साङ्केतिक भाषा वा दुवै भाषा सिकेका बालबालिकाहरूका आमाबाबुसँग कुराकानी गर्ने गर्नुहोस्। यस कुराले आफ्ना बालबालिकाहरूलाई भाषा सिकाउन सहयोग पुग्छ।




शब्दहरू नसुन्ने भएता पनि बहिरा बालबालिकाहरूले लेखिएको भाषा प्रयोग गर्न सिक्न सक्छन्। बहिरा बालकहरूले एउटा शब्द कस्तो सुनिन्छ भन्दा कस्तो देखिन्छ भनेर सिक्छन्। उनीहरूले अक्षर तथा चिह्नहरू बीचको सम्बन्ध देख्छन् (लेखिएको चिनियाँ भाषामा पनि यस्तै हुन्छ)। समयमै बोलिने वा साङ्केतिक भाषा सिक्ने नानीहरूले राम्ररी पढ्न र लेख्न सिक्न सक्छन्। उनीहरूको पढ्न जान्ने बहिरा वयस्कहरूसँग सङ्गत हुन पाए झन् सहयोग पुग्छ।




कहिलेकहीँ बहिरा व्यक्तिहरूले केटाकेटी अवस्थामा संचार गर्न सिक्दैनन्। कलिला केटाकेटी अवस्थामा नै संचार सिक्न सजिलो हुने भएता पनि ठूला बालबालिकाहरू र वयस्कहरूले पनि संचार गर्न सिक्न सक्छन्। अध्याय ८ र ९ मा बहिरा वा राम्ररी सुन्न नसक्ने बालबालिकाहरूलाई भाषा सिकाउने विधिहरू बताइएका छन्।

- नानीलाई साङ्केतिक भाषा सिक्न सहयोग गर्न अध्याय ८ हेर्नुहोस्।
- नानीलाई बोलिने भाषा सिक्न सहयोग गर्न अध्याय ९ हेर्नुहोस्।

## सहयोग गर्न सक्ने स्रोतहरू

बहिरा अथवा राम्ररी सुन्न नसक्ने बालबालिकाहरूले कसरी भाषा सिक्न सक्छन् भन्ने कुरा उपलब्ध स्रोत, परिवार तथा सेवाप्रदायक र उनीहरूका समुदायहरूमाथि भर पर्छ। तर आफ्ना बालबालिकाहरूलाई भाषा सिकाउन चाहने आमाबाबुहरू र सेवाप्रदायकहरूले एक अर्काबाट, सामुदायिक सङ्गठनहरूबाट, बहिरा विद्यालयहरूबाट वा अन्य सङ्गठनहरूबाट मद्दत पाए भने भाषा सिकाउन सजिलो हुनेछ।




समुदायभित्र उपलब्ध हुने स्रोतहरूमा निम्न कुराहरू पर्दछन्

- समुदायभित्रका बहिराहरू, बहिराहरूको क्लब वा बहिरा नानी र उसका परिवारलाई साङ्केतिक भाषा सिकाउन सक्ने व्यक्ति,
- समुदाय आधारित पुनर्स्थापना कार्यक्रमहरू, आमाबाबु समूह र अन्य समुदाय आधारित समूहहरू,
- स्थानीय विद्यालयहरूका शिक्षकहरू, हुर्केका बहिरा बालबालिकाहरू वा बहिरो नानीलाई सिकाउन इच्छुक अन्य व्यक्तिहरू,
- बहिरा बालबालिकाहरूलाई पढाउने समुदायको विद्यालय,
- बहिरा मानिसहरूका लागि महत्वपूर्ण, बहिरो व्यक्ति हुँदाको जीवनका अनुभवहरू र सफल बहिरा व्यक्तिहरूका कथा सम्बन्धी मुद्दा वा विषय समेटिएका पुस्तक र भिडियोहरू।

सङ्केत गर्न सिक्नाले नानीलाई अन्य बहिरा व्यक्तिहरूसँग चिनजान बढाउन सहयोग पुग्छ । उसले बहिरा व्यक्तिहरू पनि समुदायका महत्वपूर्ण सदस्य हुन् भनेर जान्दछ ।

यदि समुदायमा बहिरा वयस्कहरू छन् भने उसलाई आफ्नो परिवारसँग समय बिताउन र आफूहरूलाई सङ्केत गर्न सिकाउन आग्रह गर्नुहोस् ।




यदि समुदायमा कोही पनि बहिरा व्यक्ति छैनन् भने नजिक तथा जिल्लाका बहिरा सङ्घ वा बहिरा विद्यालयमा सम्पर्क गर्ने कोसिस गर्नुहोस् । सङ्केत गर्न सहयोगी हुने पुस्तकहरू खोज्नुहोस् । यदि त्यो गर्न सम्भव भएन भने स्थानीय सङ्केतहरू र हाउभाउहरूको प्रयोगलाई निरन्तरता दिनुहोस् र सकेसम्म धेरै आफ्नै सङ्केतहरू निर्माण गर्नुहोस् ।

महत्वपूर्ण कुरा सकेसम्म बढी आफ्नो नानीसँग संचार गर्नुहोस् । सबैभन्दा ठुलो कुरा बालबालिकाहरू आफूलाई माया, प्रोत्साहित गर्ने र दिशा निर्देश गर्ने व्यक्ति चाहन्छन् । यसो भएमा भाषालाई नानीको जीवनको अङ्ग बन्न सहयोग पुग्नेछ ।

**बोल्ने वा सङ्केत गर्ने क्षमता नभएका कारणले उसलाई पक्षपात गरिएको जस्तो लाग्न नदिनुहोस्। उसलाई माया र वात्सल्य गरिएको कुरा उसले थाहा पाउनुपर्छ ।**

